नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ८२४

मितिः २०८२/०८/०९

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

श्री एस. आर. एल. ईनर्जी प्रा. लि.,
सितापाईला चोक, काठमाडौं,
फोन नं.: ०१-५६७३००१

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले भेरी-४ जलाशययुक्त जलविद्युत आयोजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त तपसिलमा उल्लेखित कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पन्ध्र (१५) दिनको समयावधि भित्र पेश गर्न हुन अनुमतिपत्र महाशाखाको मिति २०८२/०८/०७ को विभागीय निर्णय (उपमहानिर्देशकस्तर) अनुसार अनुरोध छ।

तपसिलः

१. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १८ बमोजिम नदी बेसिन गुरुयोजनाले पहिचान गरेको भेरी-४ जलाशययुक्त जलविद्युत आयोजनालाई प्रतिकुल असर नपर्ने गरि आयोजना प्रस्ताव गर्नुहुन,
२. प्रवर्द्धक कम्पनीको कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ को अनुसूची-३ मा उल्लेखित आधारहरू बमोजिम जलाशययुक्त प्रारूपमा जडित क्षमता निर्धारण गरी सोही अनुसूचीमा उल्लेख भएको विवरणहरू खुलेको डेस्क स्टडी प्रतिवेदन,
४. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ बमोजि प्रबर्द्धक कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) खुल्ने गरी विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने आधार/प्रमाणहरू,
५. परामर्शदाताको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली को प्रतिलिपि।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।